नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

☎ ०२७-५२०१२५
०२७-५२०५५५

पत्र संख्या :- ०७७।७८
चलानी नम्बर :- ३२४९

१ नं. प्रदेश, नेपाल
मिति :- २०७८।२।३१

**विषय :- इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश**

यस जिल्लामा कोभिड-१९ को महामारी रोक्न मिति २०७८।१।२८ देखि जिल्लाभर निषेधाज्ञा जारी गरि आवागमन नियन्त्रण गरिएको, परिक्षणको दायरा विस्तार गरिएको, सिमित समयमा अति आबश्यक सामाग्रीका पसलहरु मात्र खोलिएको, कोभिड १९ को निरन्तर अनुगमन गरि आबश्यक निर्णय लिईएको भएता पनि संक्रमितहरुको संख्या नियन्त्रणमा आई नसकेको हुदा हालसम्मको प्रयासलाई सार्थक पार्न थप शतर्कता अपनाई नागरिकको जीवनरक्षा र जनस्वास्थयमा पर्ने असरलाई कम गर्न कोभिड-१९ जिल्ला संकट ब्यबस्थापन समितिको मिति २०७८।२।३० को सिफारिश समेतलाई ध्यानमा राखि मिति २०७८।१।२८ मा जारी भई कार्यान्वयनमा रहेको निशेधाज्ञा आदेशलाई **निरन्तरता** दिदै कोभिड-१९ संकट ब्यबस्थापन अध्यादेश, २०७८ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरि मिति २०७८।२।३१ गते मध्यराति १२.०० वजेदेखि मिति २०७८।३।०७ गते मध्यराती १२.०० बजेसम्म इलाम जिल्लाभरि लागू हुने गरि देहाय बमोजिमको आदेश जारी गरिएको छ । यो आदेशको पालना गर्नु गराउनु सबै ब्याक्ति, संघ, सस्था, पेशाकर्मी, ब्यबसायी तथा आम नागरिकहरुको कर्तब्य हुनेछ । यो आदेशको उलघंन गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने ब्यहोरा सबैमा जानकारी गराइन्छ ।

**देहाय**

**क. निषेध गरिएका सेवा तथा कार्यहरु**

१. अन्य जिल्लाबाट इलाम जिल्लामा भित्रिने र बाहिरिने सबै यात्रुबाहक सार्वजनिक र निजी एवं जिल्लाभित्र चल्ने सबै किसिमका यात्रुबाहक सार्वजनिक र निजी सवारी साधनहरु ।
२. सबै प्रकारका सभा, जुलुश, सम्मेलन, सेमिनार, गोष्ठी, भेला, छलफल, मेला, महोत्सब, साँस्कृतिक, मनोरन्जनात्मक, प्रतियोगितात्मक किसिमका कार्यक्रमहरु ।
३. भिडभाड हुने वा कोभिड १९ संक्रमण हुन सक्ने सम्भावित कुनै पनि जमघटहरु ।
४. सबै सिनेमा हल, पार्टी प्यालेश, स्वीमिङ्गपुल, मनोरन्जनस्थल, शैलुन, ब्युटिपार्लर, जिमखाना, समूहमा खेल्ने खेलकुद, पुस्तकालय, संग्रहालय आदि।
५. नित्य पुजा बाहेक धार्मिक स्थलहरुमा गरिने सबै प्रकारका कार्यक्रमहरु ।
६. सार्वजनिक निकाय, सार्वजनिक सस्थान तथा कार्यालयहरुले प्रवाह गर्ने अत्याबश्यक बाहेक दैनिक प्रवाह हुने सबै प्रकारका सेवाहरु ।
७. साप्ताहिक रुपमा लाग्ने हाट बजारहरुः-
तर त्यस्ता वजारहरुमा बिक्रि हुने तरकारी तथा फलफुलहरुको हकमा स्थायी रुपमा निर्माण भएका स्थान वा स्थायी तरकारी वा फलफुल पसल मार्फत तोकिएको स्वास्थ्य मापदण्ड पालना गरि बिक्रि गर्न सकिने ।
८. घरघरमा गई बचत संकलन गर्ने जस्ता कार्यहरु ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम
☎ ०२७-५२०१२५
०२७-५२०५५५
१ नं. प्रदेश, नेपाल

पत्र संख्या :- ०७७।७८
चलानी नम्बर :- ३५४१

मिति :- २०७८।२।३१

ख. खुला रहेका सवारी साधन, सेवा तथा कार्यहरु

९. अत्याबश्यक सेवामा कार्यरत कर्मचारीहरुले प्रयोग गर्ने सरकारी वा निजी सवारी साधनमा वा पैदल हिडेर कार्यालयले जारी गरेको परिचयपत्र देखाई आवतजावत गर्न दिने, यसरी कार्यालय जाने र फर्कने समयमा परिचपत्र बाहकलाई अनुमति नचाहिने ।

१०. बैक तथा बितीय संस्थाले प्रदान गर्ने सेवा तथा कार्यहरु आफ्नो कार्यालय र कर्मचारीहरुको अवस्था हेरि न्युनतम कर्मचारीबाट स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरि सन्चालन गर्न सकिने ।

११. अत्याश्यक सेवाका कार्यालयहरु र बिकास निर्माणसँग सम्वन्धित कार्यालयहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरि सन्चालन गर्न सकिने ।

१२. बिकास निर्माणसँग सम्वन्धित कामहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्दै कार्यस्थलमा नै श्रमिक कामदारको आवासीय व्यवस्था गरि सन्चालन गर्ने ।

१३. एम्बुलेन्स, दमकल, शवबाहन, ग्यास, पेट्रोलियम पदार्थ बोकेका सवारी साधनहरु, सुरक्षा निकायले प्रयोग गर्ने सवारीसाधनहरु, स्वास्थ्यकर्मी चढेका सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सामाग्री बोकेका सवारी साधनहरु, झण्डा बाहक सवारी साधनहरु, कार्यालयको काममा प्रयोग हुने सरकारी सवारी साधनहरु, आधिकारिक प्रेस पास प्राप्त सन्चारकर्मीहरु, निर्माण सामाग्री बोकेका सवारी साधनहरु र फोहोरमैला ब्यवस्थापनमा प्रयोग हुने सवारी साधनहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरि सन्चालन गर्ने ।

१४. खाद्यान्न, तरकारी, फलफुल, दुध तथा दुधजन्य पदार्थ, मासु तथा मासुजन्य पदार्थ, पशुपंक्षीको दाना वा अण्डा वा चल्ला बोकेका र कृषिजन्य उपज बोकेका सवारी साधनहरुले गन्तंब्यस्थान बाहेक अन्यत्र रोक्न र अन्य मानिसहरु राख्न नपाउने ।

१५. खाध्यान्न, तरकारी, फलफुल, दुध तथा दुधजन्य पदार्थ, मासु तथा मासुजन्य पदार्थ बिक्रि बितरण गर्ने पसलहरु नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालना गरि बिहान ५.०० वजे देखि बिहान ११.०० बजेसम्म मात्र खोल्न दिने ।

१६. औषधी तथा स्वास्थ्य सामाग्रीहरु बिक्रि बितरण गर्ने पसलहरु, ग्यास तथा पेट्रोलियम पदार्यका पसलहरु र अत्याबश्यक सेवाका ब्यबसाय सन्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पुर्ण रुपमा पालना गर्ने ।

१७. अत्याबश्यक सेवाहरु जस्तै बैक, बितिय संस्था, दुरसन्चार, इन्टरनेट, सुचना प्रबिधि सम्वन्धि, रेडक्रश, क्वारेन्टाइन, आइसोलेशन, फोहोरमैला ब्यबस्थापन, कुरियर तथा डाँक सेवा लगायतका ढुवानी तथा अत्याबश्यक सामान ढुवानीका साधनहरु बिषय उल्लेख भएको ब्यानर राखि संचालन गर्न दिने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
इलाम

☎ ०२७-५२०१२५
०२७-५२०५५५

१ नं. प्रदेश, नेपाल

पत्र संख्या :- ०७८।७९

चलानी नम्बर :- ३५४९

मिति :- २०७८।२।३१

**ग. सर्वसाधारणले पालना गर्नुपर्ने बिषयहरु**

१८. अत्याबश्यक काम बाहेक घरबाट बाहिर ननिस्कने र हिडडुल नगर्ने ।

१९. पेशा, ब्यबसाय वा आयोजनाहरु सन्चालन गर्दा नेपाल सरकारद्वारा तोकिएको सामाजिक दुरी कायम गर्ने, स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने, नियमित रुपमा साबुन, पानीले हात धुने, मास्कर स्यानिटाईजरको प्रयोग गर्ने ।

२०. बिरामी वां असहज अवस्थामा बाहेक १० बर्ष भन्दा मुनिका बालबच्चा, ६० बर्ष भन्दा माथिको उमेर समूहका ब्याक्तिहरु, गर्भवती र दिर्घरोग भएका मानिसहरुले घरबाहिर ननिस्कने तथा आवतजावत नगर्ने ।

२१. COVID-19 को लक्ष्यण वा सो संग मिल्दो जुल्दो प्रकारका समस्या देखिएको अबस्थामा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तह वा प्रहरी चौकीमा सम्पर्क राख्ने ।

२२. COVID-19 को परिक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म कसैसंग सम्पर्क नगरी होम आइसोलेशन वा तोकिएको स्थानमा बस्ने ।

**घ. अन्य**

२३. यस जिल्लाबाट अन्यत्र जिल्लामा जानको लागि जानुपर्ने जिल्लाको सम्वन्धित स्थानीय तहको अति जरुरी कामको ब्यहोरा तथा सवारी साधनको विवरण सहितको सिफारिश जिल्ला प्रशासन कार्यालय इलामको आधिकारिक इमेलमा प्राप्त भएपछि अति आबश्यक कामको औचित्य र महत्व हेरि आवतजावत अनुमति प्रदान गर्न सकिनेछ ।

२४. नेपाल सरकारबाट खुला गरिएको अन्तराष्ट्रिय प्रबेश बिन्दु मध्ये यस जिल्लाको पशुपतिनगर नाकाबाट आवतजावत गर्ने नेपाल सरकारले तोकेको मापदण्ड पुरा गर्नु पर्ने र अन्य नाका तथा गौडाहरुबाट आवतजावत गर्न निषेध गर्ने ।

२५. यस आदेशमा नपरेका कुनै बिषय वा अन्य आपतकालिन अबस्थामा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गरि निर्णय/निकास लिएर मात्र हिडडुल गर्नुहुन ।

.......................

(ध्रुव बहादुर खड्का)

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी